नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका "ज्योतिष भविष्यवाणी" खोजी-खोजी पढौं।

पत्रिका पाइने ठाउँ

ज्योतिष भविष्यवाणी राष्ट्रिय साप्ताहिक पोखरा-२, अर्चलबोटचोक, नेपाल। मोवाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क ४२ २०६९ माघ १८ गते, बिहीबार 31,Jan. 2013 मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com, www.Facebook.com/jbweekly बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ।

संस्थापक/सम्पादक

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

ज्योतिष भविष्यवाणी, नेपाल।

मोवाइल नं.९८५६०३०९१४

## शक्ति परिवर्तनको नाउँमा क्रिश्चियनको कु-प्रचार

# विभिन्न संघ/संस्थाद्वारा विरोध

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : नेपालमा हिन्दू, बौद्ध इस्लाम लगायत थुप्रै अन्य धर्म र धर्मावलम्वी छन्। सबै धर्महरूले हिन्दूधर्मलाई मान्दै आएका छन् र मिलेर पनि बसिरहेका छन्। हिन्दू धर्म यस्तो हो जसले कसैमाथि पनि विभेद गर्दैन तर पछिल्लोक्रममा नेपालमा केही वर्षदेखि निकै चर्चामा रहेको क्रिश्चियन धर्मले हिन्दूधर्मप्रति शत्रूवत व्यवहार देखाउँदै आएको छ। हिन्दूधर्ममा लागेको व्यक्तिहरूलाई आफ्नो धर्ममा ल्याउन विभिन्न प्रलोभन र ताम्झामका साथ प्रचार-प्रसार गरिरहेको छ। यो क्रम नेपाल धर्म निरपेक्षतामा गएपछि नेपालमा क्रिश्चियन धर्मावलम्वीले नेपालीलाई विभिन्न प्रलोभनमा धर्म परिवर्तन गराउन लगाई क्रिश्चियन बनाउने अभियानलाई तीव्ररुपमा अघि बढाइरहेको छ भने यतिबेला पोखरा तथा पोखरा बाहिरका मिडियामा मोटो रकम खर्च गरेर विभिन्न झुटको प्रचार गरिरहेको छ। त्यस्तै चोक-चोकमा ठूला-ठूला होडिङ्ग बोर्ड तथा विजुलीका पोलैपिच्छे तुल लगाएर हिन्दूधर्मावलम्वी नेपालीलाई फँसाउने कार्यमा तल्लिन छ। क्रिश्चियनले पोखराका पत्र-पत्रिका, टेलिभिजन तथा एफ.एम. रेडियोहरूबाट शक्ति परिवर्तन गराउने कुप्रचार गर्दै हिन्दू धर्मावलम्वी तथा समग्र नेपालीमाथि धावा बोलिरहेको छ। केही समय पहिला नेपाली फुटवलमाथि हस्तक्षेप गरेको क्रिश्चियनले विभिन्न व्यक्तिको शक्ति परिवर्तन भएको काल्पनिक पात्र बनाउँदै आफ्नो धर्मको प्रचार-प्रसारलाई तीव्र पारेको छ। विभिन्न मिडियामा शक्ति परिवर्तन गराउने भनि गरिएको प्रचार-प्रसार नाटकीय रुप सिद्ध भएको छ। मिडियामा गरिएको प्रचार-प्रसारमा टोल फ्रि नम्वर दिएर फोन गर्न लगाउने क्रिश्चियनले आफ्नो स्पष्ट कार्यालय, बोल्ने व्यक्ति तथा अन्य सम्पर्क शूत्र केही भन्न मिल्दैन भन्दै केही दिनमा तपाईंको हातमा जीवन परिवर्तन गराउने एउटा पुस्तक उपहार स्वरुप आइपुग्छमात्र भन्छ तर अधिकांश व्यक्तिलाई पुस्तक दिने काम अहिलेसम्म गरेको पाईंदैन। टोल फ्रि नम्बर १६६००१-३३३९९ र ९८०१५-७५८५९ मार्फत फोन गरेर पुस्तकमा लेखिएको पढेर कसरी जीवन परिवर्तन हुन्छ ? भन्ने प्रश्न गर्दा टेलिफोनमार्फत जानकारी दिने तिनै व्यक्तिलाई समेत जानकारी छैन र भन्छन्- 'पुस्तक पढ्नुस् थाहा हुन्छ।'

क्रिश्चियनले विभिन्न बाहनामा जवर्जस्ती धर्म परिवर्तन गराउन खोज्नु नेपालको कानूनको ठाडो उलङ्घन हो। केही समय अघि राप्रपा नेपालका अध्यक्ष कमल थापाले समेत यो कुरालाई स्वीकार गर्नुभएको थियो भने सनातन धर्म सेवा समिति कास्कीले क्रिश्चियनको यो हर्कतप्रति कडा आपत्ति प्रकट गरिसकेको छ।

त्यस्तै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र युनाइटेड स्टेट इन्ष्टिच्युट अफ पीस (युएसआईपी) ले संयुक्तरुपमा माघ १२ गते पोखरामा नै एक कार्यक्रमको आयोजना गरी विरोध गरेका छन्। 'धार्मिक संवाद, धार्मिक सहिष्णुता र सुरक्षाका सरोकार' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी यादवप्रसाद कोइरालाले क्रिश्चियनले हाल देखाएको रवैयाप्रति प्रशासन चुप लागेर नबस्ने जनाउ दिनुभएको छ। उहाँले धर्म आचरण, व्यवहार भएको र नेपालमा धार्मिक सहिष्णुता सदियौंदेखि कायम रहेको उल्लेख गर्दै कसैलाई प्रलोभन र दवाव दिएर धर्म परिवर्तन गर्न लगाएमा कानून बमोजिम कार्वाही गरिने बताउनुभयो। 'धर्म सुरक्षासंग जोडिएको विषय हो' उहाँले भन्नुभयो', समाजमा शान्ति र विधिको शासन कायम गर्न धर्मले महत्वपूर्ण भूमिका खेलेको छ।' क्रिश्चियनले गरेको प्रचारप्रति सजग रहन प्रजिअ कोइरालाको आग्रह छ। युएसआईपीका सल्लाहकार शोभाकर बुढाथोकीले राज्यको अभिन्न अङ्ग धर्म भएकाले धर्मको नाममा आतंक मच्चाउन सक्ने तत्वप्रति बेलैमा सचेत हुनु पर्नेमा जोड दिनुभयो। धर्म गुरुहरुको भूमिकाले धार्मिक सहिष्णुता, मेलमिलाप, समाज रुपान्तरण र शान्ति प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने उहाँको भनाइ थियो। कार्यक्रममा सनातन धर्म सेवा समिति कास्की अध्यक्ष रवीन्द्र माकाजुले 'अन्तरधार्मिक संवाद, धार्मिक सहिष्णुता र सुरक्षाका सरोकारहरु' विषयमा कार्यपत्र प्रस्तुत गर्दै क्रिश्चियको रवैयाप्रति समग्र हिन्दूधर्मावलम्वी चिन्तित् भएको बताउनुभयो।'हिन्दूधर्मले कुनैपनि धर्मको विरोध गर्दैन, यसको नाजायज फाइदा उठाउन कसैले खोज्छ भने चुप लागेर बस्न सक्दैनौं' उहाँले भन्नुभयो, समाजमा सम्भावित धार्मिक द्वन्द्व र हिंसालाई रोक्न धार्मिक गुरुहरुले महत्वपूर्ण भूमिका खेल्नुपर्छ।' धर्मको माध्यमबाट नै विश्वमा शान्ति र भाइचाराको सम्बन्ध कायम हुने भएकाले सबैधर्म मिलेर अघि बढ्नुपर्नेमा अध्यक्ष माकाजूको जोड थियो। त्यस्तै नेपाल लामा संघका महासचिव मीन गुरुङले एउटा धर्मले अर्को धर्मलाई सम्मान गर्नुपर्नेमा जोड दिंदै धर्मको उद्देश्य नै समाजमा शान्ति स्थापना गराउनु भएको बताउनुभयो। विश्वहिन्दू महासंघका उपाध्यक्ष तथा अन्तरधार्मिक समन्वय समितिका संयोजक वेदनीधि शर्माले धर्मको नाममा कसैले पनि कुप्रचार गर्न नहुनेमा जोड दिनुभयो। मुस्लिम धर्म संरक्षण समितिका सल्लाहकार तथा लोककवि अलिमियाँ वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मियाँले नेपालमा सबै धर्मले समान अधिकार पाएकाले एकले अर्काको विरोध गर्न नहुनेमा जोड दिनुभयो। उहाँले गर्भपतन गरेर मानिसको बाँच्न पाउने अधिकारबाट बञ्चित गरेको भन्दै कानून र प्रशासनले नै धर्मलाई विभेद गरेको अध्यक्ष मियाँको गुनासो थियो।

त्यस्तै पोखरेली खीष्टिय समुदायका सल्लाहकार ग्रीष्म पराजुलीले विचार, आस्था र संस्कारले धर्म फरक रहेकोले फरक आस्था र विचारलाई सम्मान गर्दै समान अवसर पाउनुपर्नेमा जोड दिनुभयो। धर्म मान्ने अधिकार व्यक्तिको भएकाले कसैले विभिन्न बाहना बनाएर धर्म परिवर्तन गराउन नहुनेमा पराजुलीको जोड थियो। परमेश्वर मण्डलीका सदस्य राजु बज्राचार्यले धर्मशास्त्रमा जे

बाँकी ५ पृष्ठमा...

## फेरी मिल्यो भविष्यवाणी

# गेसोले बिर्स्यो गुन

✍हरि पन्त/ज्योतिष भविष्यवाणी

**पोखरा** : कहिले देश, कहिले राजनीति, कहिले सरकार, विभिन्न नेता तथा बुद्धिजीवि, कानून व्यवसायी एवम् सर्वसाधारणको भविष्यवाणी सत्यसावित भएपछि चर्चाको शिखरमा रहेका ज्योतिष भविष्यवाणी साप्ताहिकका सम्पादक डा. बलराम उपाध्याय रेग्मीले केही वर्षअघि गरेको गोर्खा भूतपूर्व सैनिक संघ (गेसो) को भविष्यवाणी पनि सत्य सावित भएको छ। वेलायतमा कार्यरत गोर्खा भूतपूर्व सैनिकहरूलाई बेलायतमा बस्न नदिई फिर्ता पठाउने सरकारको निर्णय विरुद्ध बेलायतमै स्थायीरुपमा बसोबास गर्न पाउनुपर्ने लगायत विभिन्न माग राखेर बेलायतको अदालतमा रिट दायर गरेपछि ज्योतिष भविष्यवाणीका सम्पादक डा.रेग्मीले ग्यारेन्टी जित्ने भविष्यवाणी गर्नुभएको थियो र त्यसैको केहीवर्षपछि अर्थात हालसालै बेलायत अदालतले गेसोको पक्षमा फैसला गरेपछि भविष्यवाणी सत्यसावित भएको हो तर 'खोलो पनि तर्‍यो, लौरो पनि बिर्सियो' यो नेपाली उखान नेपाली जनता, संघ-संस्थामा अति नै सान्दर्भिक देखिन आएको छ अहिले पनि।

पोखरा-२, विन्ध्यवासिनी मन्दिरदेखि पूर्वतर्फ अधिवक्ता प्राध्यापक लक्ष्मण पराजुलीको घरस्थित 'ज्योतिष भविष्यवाणी' कार्यालयमा एकाबिहानै आएर गेसोमा आवद्ध एकजना रगप्रसाद पूर्जाले 'ज्योतिषी बा! म संलग्न मुद्दामा हाम्रो जित होला कि विपक्षीको ?' भनि जन्मकुण्डली फुकाएर सोध्दा 'ज्योतिष भविष्यवाणी' का सम्पादकले जवाफ दिएका थिए-'तपाईंको पक्षले मुद्दा ग्यारेन्टी जित्नेछ' त्यो मुद्दा गोरखा भूतपूर्व सैनिक संघ गेसो र बेलायतबीचको मुद्दा हो भन्ने भविष्यवाणी सम्पादकलाई कुनै पूर्व जानकारी थिएन मात्र ज्योतिष वैज्ञानिक दृष्टिकोणमा मुद्दा हारजितको फैसला दिइएको थियो। केही दिनपछि रगप्रसाद पूर्जा बेलायत उडे, मुद्दा चल्दै जाँदा गेसोले जितेको गेसोकै केन्द्रीय सभापति पदमबहादुर गुरुङ पुष्टि गर्दै हिंडिरहनु भएको पोखराको लोकप्रिय दैनिक गोल्डेन न्यूज तथा समाधानले प्रथम पृष्ठमा प्रकाशित गरेता पनि, गेसोमा आवद्ध सम्पूर्ण सरोकारवालाले सडक जुलुस, खुशियाली मनाएता पनि ग्यारेन्टी मुद्दा जित्ने फैसला दिने हाल पोखरामा नै रहेका 'ज्योतिष भविष्यवाणीका सम्पादकलाई गेसोले बिर्सेको देख्दा र विश्लेषण गर्दा डा.बलराम उपाध्याय रेग्मी गुरुङ नभएकाले गेसोले गुन बिर्सेको आज सर्वसाधारणले अनुमान गरेका छन्।

# कस्तो होला त तेस्रो जनआन्दोलन ?

✍डा.बलराम उपाध्याय रेग्मी

नेपाली कांग्रेस, ने.क.पा. एमाले लगायतका विपक्षी पार्टीले गत माघ ६ गते शनिबार अष्टमीका दिन जनआन्दोलन-३ शुरु गरेका छन्। वि.सं.२०६२ चैत्र २४ गते अष्टमीका दिन शुरु गरेको जनआन्दोलन सफल भएकोले हाल माघ ६ गते शनिबार अष्टमीकै दिनमा आन्दोलन गर्ने निर्णय आँफैमा मजवूत रहेको छ। वि.सं.२०६२ को आन्दोलन राजा फ्याँक्ने थियो भने हालको आन्दोलन प्रधानमन्त्री डा.बाबुराम भट्टराई र एमाओवादी सरकार फ्याँक्ने रहेको आयोजकले बताएका छन्। कास्की कांग्रेस, एमाले तथा आम विपक्षीमा रहेका पार्टीहरू सम्मिलित आन्दोलन माघ २२ गते कास्कीमा हुँदैछ। सत्ताधारी पार्टी, शुभचिन्तक तथा विपक्षी आन्दोलनकारी पक्षधर, नेता, कार्यकर्ता सबैका मनमा चिन्ता अवश्य पनि हुन सक्छ वारपारको लडाईं कस्ले जित्ने ?

**विष्लेषण**

विपक्षी पार्टी ज्योतिषमा विश्वास राख्नेहरूको छ भने भित्र-भित्र कार्यकर्ताले ज्योतिषमा विश्वास गरेपनि बाहिर ज्योतिष नपत्याउने माओवादीका नेता तथा मन्त्रीहरूको विदेश भ्रमण र कार्यशैली ज्योतिष वैज्ञानिक दृष्टिकोणमा उल्टो-उल्टो देखिएकाले हालको एमाओवादी सरकार ज्योतिषीसंग सल्लाह गरेर कुनैपनि काम गर्दैन भन्ने पुष्टि भएको छ। तर एमाओवादी पार्टीका नेता तथा कार्यकर्ता ज्योतिषमा विश्वास गरुन या नगरुन ज्योतिष कानूनले पुष्पकमल दाहाल प्रचण्ड, डा.बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ कसैलाई पनि छोडेको छैन। अग्नि एयरको पोखरा-काठमाडौं उडानको अवसरमा जहाजको अग्र भिआइपी सिटमा बसेका नारायणकाजी श्रेष्ठ र यो पंक्तिकारबीचको करिब २५ मिनेटको भेटवार्तामा 'संविधान बनाउने नियतले अघि बढ्नुहोस्, सरकार अब तपाईंको बन्दैछ' भनेर दिएको भविष्यवाणी सत्यसावित भएको नारायणकाजीले न बिर्सेकै हुनुपर्छ। अग्नि एयरको नारायणकाजी श्रेष्ठसंगको प्रथम भेट, माओवादी सरकार गठनपछि एमाओवादी पार्टीका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड पदमा नै रहेका बेला 'रुक्मांगत कटुवाललाई कार्वाही गरे माओवादी सरकार ढल्ने' भनि पोखराको रेडियो तरङ्गबाट वि.सं.२०६६ मा गरेको भविष्यवाणी जस्ताको तस्तै पुगेको पोखरेली एमाओवादी कार्यकर्ताको कानमा नपरेकै होला त ? प्रचण्डको सरकारपछि अब प्रधानमन्त्री बन्ने पालो डा.बाबुराम भट्टराईको भनेर हामीले धौलागिरि एफ.एम. बाग्लुङबाट सोमबार बेलुकी ५ देखि ६ बजेबीच गरेको भविष्यवाणी होस् अथवा रेडियो अन्नपूर्ण पोखरामा शनिबार ज्योतिष भविष्यवाणी कार्यक्रम मार्फत गरेको भविष्यवाणी होस् डा.बाबुराम भट्टराइ प्रधानमन्त्री बन्ने भनि गरेको भविष्यवाणी सत्यसावित भएको र हाल डा. बाबुराम भट्टराईकै नेतृत्वमा सरकार रहेको भावी पुस्ताले

बाँकी ४ पृष्ठमा...

# महोत्सवमय बन्दै लेखनाथ

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : सात तालको बाटिका शहर लेखनाथमा यहि माघ २६ गतेदेखि फाल्गुन ८ गतेसम्म संचालन हुने नवौं लेखनाथ महोत्सवको समयसीमा नजिकिंदै जाँदा तैयारीलाई तीव्र पारिएको छ। महोत्सव शुरु हुन करिब एकसाता अघिदेखि नै लेखनाथ पुरै महोत्सवमय बनेको छ। महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न लेखनाथका राजनीतिक दल, विभिन्न सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, विभिन्न संघ/संस्था तथा स्थानीय वासिन्दाहरू अत्यन्तै उत्साहपूर्वक लागेको र लेखनाथ महोत्सवमय बनेको महोत्सवका प्रचार-प्रसार संयोजक लक्ष्मीप्रसाद त्रिपाठीले जानकारी दिनुभयो।



लक्ष्मीप्रसाद त्रिपाठी

ज्योतिष भविष्यवाणीसंग कुरा गर्दै महोत्सव आयोजक संस्था लेखनाथ उद्योग वाणिज्य संघका द्वितीय उपाध्यक्ष समेत रहनुभएका संयोजक त्रिपाठीले लेखनाथको संस्कृति नै लेखनाथ महोत्सव भएको बताउनुभएको छ। 'लेखनाथको स्थानीय उत्पादन तथा संस्कृतिलाई विश्वव्यापी परिचित गर्नुनै महोत्सवको मुख्य उद्देश्य हो' महोत्सवका सह-संयोजक त्रिपाठीले भन्नुभयो,'एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत आन्तरिक तथा बाहृय पर्यटन प्रवर्द्धन गर्न महोत्सवको आयोजना गरिएको हो। यसले पर्यटन प्रवर्द्धन तथा लेखनाथको विकासका

बाँकी ५ पृष्ठमा...

**ज्योतिषवाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय

# ज्योतिष वैज्ञानिक दृष्टिकोणमा कृषि व्यवसाय

ज्योतिष वैज्ञानिक दृष्टिकोणमा कृषि व्यवसाय गर्न सके अधिकतम् उव्जनी प्राप्त गर्न सकिन्छ । कुनैपनि किसानलाई सर्वप्रथम आँफूले गर्ने खेतीवालीको रङ्गको जानकारी हुनु आवश्यक छ । सूर्य ग्रहबाट आकाशे निलो रङ्ग र सम्पूर्ण पृथ्वीमा पाइने हल्का निलो रङ्ग हेरिन्छ । यदि तपाई निलो रङ्गका वस्तु रोजी व्यवसाय गर्दै हुनुहुन्छ भने निश्चित् रुपमा आइतबारका दिन लाभ बेला पारी शुरु गर्नु पर्दछ । त्यस्तै चन्द्रग्रहबाट दूधको जस्तो सम्पूर्ण रङ्ग हेरिन्छ । यदि तपाई दूधको कारोबार शुरु गर्दै हुनुहुन्छ भने सोमबार शुरु गर्नु अति राम्रो हुन्छ त्यो पनि अमृत या लाभ बेला पारेर । खेतीवालीमा जे–जे वस्तु सेतो रङ्गका हुन्छन् ती सबैको बीउ रोप्न सोमबारकै दिनमात्र लगाउनु पर्दछ । पुराना बुढापाका व्यक्तिहरूले 'सोम खेती बुध व्यापार' त्यत्तिकै भनेका होइनन् । मंगलबारबाट सम्पूर्ण रातो वस्तुहरू हेरिन्छ । त्यसकारण टमाटर खेती गर्दै हुनुहुन्छ भने मंगलबारका दिन लाभ बेला पारी शुरु गर्नुभयो भने टमाटर अति राम्रोसंग हुर्कने, फल्ने हुन्छ । पहिलो पटक टमाटरको बोटबाट दाना टिपेर विक्री गर्दा समेत लाभ बेलामा नै टिपेर बेच्ने गर्नुभएमा राम्रो मूल्य पाउन सक्नुहुनेछ । कृषिबालीमा जो वस्तु रातो रङ्गका होलान् ती सबैको बीउ छर्ने, लगाउने, फल टिप्ने सम्पूर्ण काम मंगलबारमात्र गर्नुपर्दछ । यदि दिनदिनै टमाटर टिप्नु छ भने पनि लाभ बेला पारेर टिप्नु भएमा सड्ने गल्ने अवस्था नहुँदै विक्री भइसक्नेछन् ।

त्यस्तै कागती र आँपको बोट बिरुवा लगाउने, पहिलो पटक फल टिप्ने, पहिलो पटक विक्रीका लागि बजार पठाउने काम पनि मंगलबारकै दिन गर्नु सबभन्दा राम्रो हुने ज्योतिष वैज्ञानिक अनुसन्धानबाट प्राप्त भएको छ । आलु खेती गर्दा बुधबार सबभन्दा राम्रो पाइएको छ । यदि आलुको बीउ लगाउनु छ, पहिलो पटक आलु खन्नु छ, पहिलो पटक बजारमा विक्रीका लागि लाने काम बुधबारको दिन लाभ बेला पारेर गर्नुपर्दछ । आलु खेती उत्पादन, उपजलाई भण्डारण गरेर राख्ने काम पनि बुधबारकै दिन गर्नु पर्दछ । बुध ग्रहबाट हरियो फुस्रो, खैरो रङ्ग हेरिन्छ । त्यसकारण जो वस्तु आलुकै रङ्गका होलान् ती वस्तु खेतीको पेशा बुधबारकै दिन पारेर शुरु गर्नुपर्दछ । खरबारीमा खर लगाउने काम होस्, खर काट्ने काम जति बुधबारकै दिन लाभ बेला पारेर गरेमा खरमा झट्टै खराबी आउँदैन ।

यदि तपाई केरा खेती, मौसमी, सुन्तला खेतीमध्ये कुनै गर्दै हुनुहुन्छ भने बिहीबारका दिन गर्नु सबैभन्दा राम्रो मानिन्छ । पहेंलो रङ्ग वृहस्पति ग्रहबाट हेरिन्छ । पहेंलो रङ्ग पितृहरूका लागि अतिप्रिय मानिन्छ । त्यसकारण पहेंलो रङ्ग सम्पूर्ण फलफूल, खेती लगाउँदा बिहीबारका दिन शुभ, लाभ या अमृत बेलामध्ये कुनै पारेर लगायो भने राम्रो फल्ने, मूल्य राम्रो पर्ने हुन्छ । फलफूलमा किरा लाग्ने बेलैमा सड्ने सम्भावना ज्यादै कम हुन्छ । केरा, सुन्तलाको बीउ लगाउँदा होस्, फल टिप्दा होस् अथवा विक्री गर्दा होस् पहिलोपटक बिहीबारकै दिन पार्न सकेमा अति राम्रो हुन्छ । यदि लगातार खेती गर्नुछ, फल टिपेर विक्री गर्नुछ भने बिहीबार शुरु गरी थप अरू जुनसुकै बार विक्री निमित्त लग्न सकिन्छ । तर सम्भव भएसम्म पहेंलो रङ्गको वस्तुको पेशा, व्यवसाय, व्यापार, जे गरेपनि बिहीबारकै दिन गर्नु राम्रो फाइदा प्राप्त गर्न सकिन्छ । पहेंलो फलफूल खेतीवालीमा पितृहरू ज्यादै खुशी हुन्छन् । त्यसकारण पहेंलो केरा, सुन्तला, मौसमी, पाकेको, पहेंलपुर भएको मेवा टिप्नु छ भने एक दाना पहिलो पटक आफ्ना पितृहरूलाई स्मरण गरी चढाइदिनुहोस् अति राम्रो हुन्छ । त्यस्तै शुक्रग्रहबाट चिप्लो वस्तु र तरल पदार्थ हेरिन्छ । यदि घ्यूको व्यवसाय शुरु गर्नु छ भने सोम या शुक्रबार पारेर शुरु गरेमा अति राम्रो हुने गर्दछ । थान कपडाको दोकान, कस्मेटिक्सको दोकान, व्युटिपार्लरको दोकान शुरु गर्नु छ भने शुक्रबार पारेर गर्नु पर्दछ । शनि ग्रहबाट कालो रङ्गको प्रतिनिधित्व हुन्छ । त्यसकारण कालो रङ्ग, वस्तुको बीउ लगाउने, काट्ने, टिप्ने, विक्री गर्ने कार्यजति शनिबारका दिन शुभ, लाभ र अमृत बेला पारेर गर्नुपर्दछ । कोइला व्यवसाय, हार्डवेयर, मेटल उद्योग, कृषिमा आवश्यक औजारको जोडजाम गृहस्थीले शुक्रबार गर्नुपर्दछ भने विश्वकर्माले शनिबारको दिन । राहु ग्रहबाट मुख्य रुपमा खेतीमा असिना हेर्ने गरिन्छ । किसानको जन्मलग्न कुण्डलीमा जुन ग्रहका साथ राहु होला प्रायः त्यही दिन असिना पानीले खेती बिगारीदिने गर्दछ । केतु ग्रहबाट मुसाहरू हेरिन्छ । खेतीपातीमा मुसा नलागुन भनेर छुट्टै उपचार गर्नु आवश्यक छ भने गाढा कालो रङ्गका मुसा, बिरालाको माटोको मूर्ति बनाएर अन्नबालीको नजिक राखिदिएमा स्थायी रुपमा मुसाबाट जोगिन सकिन्छ । कृषि व्यवसायमा ज्योतिष शिक्षाको महत्व यतिमै सीमित छैन । खेतीवालीको उत्पादनमात्र होइन खाने कुरामा समेत त्यत्तिकै ध्यान दिनु आवश्यक छ । करेला, अचार नुनिला वस्तुको सेवन आइतबार, मूला, खिर, दूधको सेवन सोमबार, कागती, आँपको अचार पार्ने, खाने काम मंगलबार, गाजर लगाउने, खाने काम बुधबार, काँक्रोको विरुवा लगाउने, टिप्ने, सुन्तलाबाट बनाउन सकिने सम्पूर्ण पहेंला वस्तुको परिकार बिहीबार बनाई खानु अति राम्रो मानिन्छ । निबुवा साँधेर खाने, खिर्चो खाने काम शुक्रबारका दिन गरियो भने ज्योतिष वैज्ञानिक दृष्टिकोणले अतिनै लाभदायक मानिएको छ ।

आइतबार, मंगलबार तथा शनिबारलाई पापीबार, खरोबार मानिन्छ भने सोमबार, बुधबार, शुक्रबारलाई शुभबार मानिन्छ । अर्कालाई बिगार्न खोज्नेहरू आइतबार, मंगलबार र शनिबार पारेर गर्दछन् । तपाईंको खेतीबाली कसैले बिगार गर्न खोज्यो भने आइतबार, मंगलबार, शनिबार रोज्ने गर्दछन् । खेतीबालीमा कीटनाशक दवाई छर्किनु छ भने आइतबार, मंगलबार, शनिबार छर्किने गर्नुभएमा कमै औषधिले धेरै राम्रो काम गर्न सक्नेछ । किसान दाजुभाई ! यदि तपाईंहरूले पञ्चाङ्ग पनि हेर्न जानेमा सुनमा सुगन्ध हुन्छ । जुनदिन चन्द्रमा ग्रह जता छन् त्यस दिनको पेशा व्यवसाय यात्रा त्यही दिशा अथवा चन्द्रमालाई दायाँ पारी शुरु गरेमा दिनभरीको काममा कुनै विघ्नबाधा पर्ने छैनन् भने कामको राम्रो परिणाम पछिसम्म पाइनेछ । किसान दाजुभाईका लागि अन्तिम सुझाव यो पनि छ सकेसम्म महिनावारी भएकी महिलालाई धान रोप्न, कुनै बोटविरुवा लगाउन, बीउ छर्न खासगरी महिनावारी भएको चारदिनभित्र नलगाउनु त्यत्तिकै आवश्यक छ । यदि तपाईंले महिनावारी भएकी महिलालाई चारदिनभित्रमा नयाँ बीउ छर्न, गोड्न, काट्न, धान रोप्न लगाउनु भयो भने त्यै खेती हुर्केर पनि काट्ने, टिप्ने समयमा तपाईंको खेतीमा धेरै प्रकारका समस्या आउनेछन् । त्यसकारण महिनावारी भएकी महिलालाई कुनै पनि खेतीबालीमा चारदिनभित्र लगाउनु भएन भनेमात्र तपाईंको खेतीबालीमा अन्नफल राम्रो फल्नेछ अन्यथा मर्ने, झर्ने, सड्ने, गल्ने, असमयमा नै बिग्रने निश्चित् छ ।

पुगि आउँदैन भनेर महिनावारी भएकी महिलालाई खेतीबारीमा काम गर्न लगाउने, करेसावारीमा लगाउने, गोडमेलमा लगाउने गर्नु भएमा किसानले कहिल्यै पनि आफ्नो खेतीको उत्पादन राम्रो गर्न सक्दैनन् । तपाई जुनप्रकारको खेती गर्नुहुन्छ, जुन दिन गरेपनि शुभ, लाभ, अमृत बेलापारी गर्नुभएमा अति राम्रो उत्पादन हात लाग्नेछ । जवकि रोग बेला होस् अथवा काल बेला यी दुई बेलामा शुरू गरिएको खेतीमा किरा फट्याङ्ग्राले बिगार्ने, खेती नासिने, बीचैमा असिना आएर वर्वाद पार्ने जस्ता काम हुन्छन् । त्यसकारण किसान दाजुभाईले पनि हल्सारो गर्नेदेखि लिएर सम्पूर्ण खेतीपाती गर्दा ज्योतिष वैज्ञानिक दृष्टिकोणमा नियम पुऱ्याई गर्नुभएमा निश्चित् रुपमा अधिकतम् उव्जनी लिन सकिन्छ, विक्रीबाट फाइदा पाइन्छ, खाएको अन्नले शरीरलाई अतिराम्रो रिष्टपुष्ट पार्न सक्दछ । तपाई पनि ज्योतिष वैज्ञानिक कृषक बन्नेकि ?

## ज्योतिष भविष्यवाणी साप्ताहिकका वार्षिक सदस्यहरू

गताङ्कको बाँकी... २०६९/१०/१८ गतेसम्म

| क्र.सं. | सदस्यहरूको नाम थर | ठेगाना | सम्पर्क फोन |
|---|---|---|---|
| ७०३ | समीक्षा बराल | पोखरा–५, कास्की | ९८४६०४७९७९ |
| ७०४ | जेमोन पैंगी | बुद्धचोक, पोखरा | ०६१–५२६१५६ |
| ७०५ | जेसोम पैंगी | बुद्धचोक, पोखरा | ०६१–५२६१५६ |
| ७०६ | जेनम पैंगी | बुद्धचोक, पोखरा | ०६१–५२६१५६ |
| ७०७ | हिमाल गुरुङ | ढिकुरपोखरी–५, कास्की | ९८४६०२७७१९ |
| ७०८ | सुनिल क्षेत्री | रिसिङपाटन, तनहुँ | ९८१७१०५४९१ |
| ७०९ | षडानन्द बराल | लेनपा–१३, कास्की | ९८४६०३४३४० |
| ७१० | दीपकराज ढकाल | थप्रेक–३, तनहुँ | ९८०४१७७१९५ |
| ७११ | संगम जोशी | देवघाट, नवलपरासी | ९८१६१३८७३० |
| ७१२ | पिताम्वर पराजुली | पोखरा–१२, कास्की | ९८४६२६६४७४ |
| ७१३ | देवी पौडेल | पोखरा–८, कास्की | ९८०६५७०५११ |
| ७१४ | गोपाल दूरा | पोखरा–२, कास्की | ९८४६५५४१७२ |
| ७१५ | विकास गुरुङ | वाच्छा–९, पर्वत | ९८४६३९८१८१ |
| ७१६ | कपिल रिजाल | पोखरा–१०, कास्की | ९८४६५७३२७७ |
| ७१७ | गोविन्द आचार्य | अर्मला–१, कास्की | ९८४६१४६२२५ |
| ७१८ | चाँदनी सिंह | पोखरा–६, कास्की | ९८०४१५७०९९ |
| ७१९ | यमुना गुरुङ | चापाकोट–३, कास्की | ९८४६०६६०४१ |
| ७२० | गणेश काफ्ले | चापाकोट–६, स्याङ्जा | ९८४६१८४७८३ |
| ७२१ | वेदप्रकाश क्षेत्री | रिसिङ–९, तनहुँ | ९८१७१०५४९१ |
| ७२२ | विनोद पौडेल | निर्मलपोखरी–१, कास्की | |
| ७२३ | ताराबहादुर गुरुङ | पोखरा–१२, कास्की | ९८०६७६२३२३ |
| ७२४ | प्रकाश गुरुङ | पोखरा–१२, कास्की | ९८१६६६८०८० |
| ७२५ | देवी कार्की | पोखरा–१७, कास्की | ९८१६१६१७२३ |
| ७२६ | मनकाजी कार्की | पोखरा–१७, कास्की | ९८४६१०९०४९ |
| ७२७ | सुजना गुरुङ | नयाँगाउँ, पोखरा | ९८१५११२००३ |
| ७२८ | सीता गुरुङ | नयाँगाउँ, पोखरा | ९८१५११२००३ |
| ७२९ | विनु शाह | काठमाडौं | ९८४६१९६३८१ |
| ७३० | विजेता शाह | काठमाडौं | ९८४६१९६३८१ |
| ७३१ | विष्णु शाह | काठमाडौं | ९८४६१९६३८१ |
| ७३२ | देवी शाह | काठमाडौं | ९८४६१९६३८१ |
| ७३३ | विशाल शाह | काठमाडौं | ९८४६१९६३८१ |
| ७३४ | रविन बाँस्तोला | पुरुन्चौर, कास्की | ९८४६६०६७६१ |
| ७३५ | सीता पौडेल | पोखरा–५, मालेपाटन | ९८४७६५६१३३ |
| ७३६ | यादव आचार्य | काँहु–६, कास्की | ९८४६०२७५०५ |
| ७३७ | ठाकुरप्रसाद आचार्य | काँहु–६, कास्की | ०६१–६९०३४४ |
| ७३८ | अर्जुन सापकोटा | पोखरा–१७, घारीपाटन | ९८०३४९६९६७ |
| ७३९ | सूर्य के.सी. | बाग्लुङबजार | ९८४६६०६२९७ |
| ७४० | भूपेन्द्र के.सी. | बाग्लुङबजार | ९८४६६०६२९७ |
| ७४१ | आरोग्य पराजुली | पोखरा–४, कास्की | ९८५६०२०४३२ |
| ७४२ | सुरक्षा सापकोटा | वेनीबजार, म्याग्दी | ९८४७६२४२७२ |
| ७४३ | कृष्णप्रसाद आचार्य | भरतपोखरी–२, कास्की | ९८०६६२०२८२ |
| ७४४ | ठाकुरप्रसाद ढकाल | फापरथुम–८, स्याङ्जा | ९८४६४५०५३२ |
| ७४५ | सूर्यमान श्रेष्ठ | पौवै–४, स्याङ्जा | ९८०५८३७४१७ |
| ७४६ | सुरज श्रेष्ठ | पौवै–४, स्याङ्जा | ९८४६०७३१९८ |
| ७४७ | शारदा शिवाकोटी | दमक–४, झापा | ९८४६५६४९५४ |
| ७४८ | शिवप्रसाद पोखरेल | बुटवल–८, रुपन्देही | ९८४७३३१९६७ |
| ७४९ | सुनिता लामिछाने | लेनपा–४, कास्की | ९८४६२६२७१४ |
| ७५० | विजया श्रेष्ठ | सामाखुशी, काठमाडौं | ०१–४३८२८१४ |
| ७५१ | सरस्वती श्रेष्ठ | सामाखुशी, काठमाडौं | ९८४१५६८०३१ |
| ७५२ | सुनिता चालिसे | पोखरा–८, सिमलचौर | ९८५६०२९०६१ |
| ७५३ | लक्ष्मण चालिसे | पोखरा–८, सिमलचौर | ९८५६०२९०६१ |
| ७५४ | प्रतिभा पौडेल | खनियाँ, लमजुङ | ९८४६११४१५१ |
| ७५५ | प्रमोद पौडेल | बाटुलीचौर, लमजुङ | ९८४६११४१५१ |
| ७५६ | संगीता गुरुङ | मियाँपाटन, पोखरा | ०६१–५३८९०४ |
| ७५७ | सुनिल गुरुङ | मियाँपाटन, पोखरा | ०६१–५३८९०४ |
| ७५८ | तीर्थमायाँ गुरुङ | मियाँपाटन, पोखरा | ०६१–५३८९०४ |
| ७५९ | प्रतित गुरुङ | मियाँपाटन, पोखरा | ०६१–५३८९०४ |
| ७६० | टीकाराम विष्ट | चिवाङ, रुकुम | ९८४६५२१६६७ |
| ७६१ | हरिप्रसाद पौडेल | पोखरा–६, कास्की | ९८५६०२९९०५ |

# श्री स्वस्थानी महाकाव्यको एक चर्चा



*गताङ्कबाट क्रमशः :*

आदरणीय पाठक, श्रोता वर्ग ज्यादै गरिबीको हालत देखेर सप्तऋषिले सातवटा सुनका टुक्रा पिर्कातल छाडी जाँदैछन्, अर्कातर्फ गोमा धागोको लरियाको बदला पान पसलेसंग पान मागी सप्तऋषिलाई स्वागत गर्ने तयारीमा छिन् । पान पसले भन्छ–'पान कत्ति पनि छैन बेचिसकें ।' गोमा कर गर्छिन तैपनि भाँडोमा हेर्नुन, आश्चर्यको कुरा भाँडोभरी पान भेटियो । पसले पनि आश्चर्यचकित । पसले भन्न लाग्यो–'गोमा तिमी आउँदा बडो शुभ भयो । पानको बदला धागो लिन्न, पैसा पनि चाहिएन । अहिले पान, ल्वाङ, सुपारी लिइ जाउ र सप्तऋषिलाई स्वागत गर ।' गोमा घर पुग्दा सप्तऋषि छैनन् । गोमाले सोचिन् म पापिनीको हातबाट दिएको पान खान नचाहेर होला । गोमा अब कुचो लगाउन खोज्छिन् पिर्कातल सातवटा सुनका टुक्रा भेटिन्छन् । अब गोमा श्री स्वस्थानीको व्रत कथा शुरु गर्छिन । हात गोडाका नङ काटी एकछाक खाई नित्य मध्यान्हमा १२ बजेदेखि १ बजेबीच श्रीस्वस्थानी महादेवको पूजा गर्छिन् । यसैबीच चन्द्रज्योति नगरका गोठाला खुसुक्क सुन्न आउँदा गोमाभित्र गोप्य रुपमा श्री स्वस्थानीको कथा वाचन गर्दै । होइन यो को बहुलाही कराउँदै छ ?–गोठालाले सोधे । गोमाले भनिन्–श्रीस्वस्थानीको कथा वाचन गरेको । गोठालालाई दया आयो, आँफूसंग भएको खानेकुरा छाडी गए । गोमाले दैनिक श्रीस्वस्थानीको कथा वाचन गरेको सुनेर गोठाला केटाकेटी मस्त । तिनीहरूले काट्नुपर्ने घाँस पनि नजिकै भेटिन पुग्यो । गोठालाले आँफूले ल्याएको खाने वस्तु गोमालाई दिँदै रहे । एक महिना कसरी बित्यो पत्तै भएन । पौषशुक्ल पूर्णिमादेखि माघ शुक्लपूर्णिमा पनि कति छिट्टै आइपुग्यो । गोमाले १०८ रोटी, फूल, वेल, पुष्प जोरजाम गरिन । १०८ वटामध्ये ८/८ वटामात्र पुत्र नवराजलाई छुट्टाइन । रातमा जाग्राम गर्दै गोमा के थिइन 'आमा ढोका खोल्नुहोस्'–पुत्र नवराजले भने । गोमा आश्चर्य मान्दै ढोका खोल्न पुगिन । साँच्चिकै नवराज आएका रहेछन् । आमा–छोराले एकअर्कामा अङ्गालोमारी आँसु खसाले । एकछिन पछि आँफूलाई छुट्टाइ राखेका आठ/आठ रोटी



डा.बलराम उपाध्याय रेग्मी

प्रसाद नवराजले खाए । अब गंगास्नान पनि गर्नु पर्‍यो भनि नवराज गंगा स्नान गर्न पुग्दा साक्षत् हरिहर भगवान गंगाजी भित्रबाट प्रकट हुनुभयो र गंगास्नान गरेका नवराजलाई भन्नुभयो– 'तिम्री आमाले गरेको स्वस्थानी व्रत र कथाबाट म प्रशन्न भएँ । श्री स्वस्थानीको व्रत कथाको प्रभावले तिमी नवराज यहाँदेखि दक्षिणतर्फको लावण्य देशको राजा हुनेछौ भन्ने वरदान दिएपछि नवराज घर फर्के । त्यसपछि आमा गोमालाई भगवान हरिहरको आशिर्वाद वरदानको खवर बताए । गोमाले पनि थप आशिर्वाद दिइन । नवराज लावण्य देशको राजा हुने प्रतियोगीको माझ गई बसेका छन् । श्री स्वस्थानीको चौबिसौं अध्याय यहीं पूरा हुन्छ । तपाई यो कथा सुन्ने/पढ्नेलाई सबै आरोग्यता, उन्नति–प्रगति राम्रो होस् अर्को अङ्कमा पच्चिसौं अध्यायको कथा लिएर उपस्थित हुनेछौं, नमस्कार !

# श्रीस्टारद्वारा उपाधिको दावेदारी प्रस्तुत

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाली फुटवलमा निकै शक्तिशाली मानिएको ललितपुरको श्रीस्टार क्लवले पोखरामा जारी ११औं आहा!रारा गोल्डकपमा उपाधिको दावेदारी प्रस्तुत गरेको छ । काठमाडौंमा सम्पन्न ए डिभिजन लिगमा समेत शीर्षस्थान कब्जा गरेको श्रीस्टारले उपाधिको दावेदारी प्रस्तुत गर्ने क्रममा बुधबार पोखरा रङ्गशालामा सम्पन्न पहिलो सेमिफाईनल खेलमा ललितपुरकै अर्को टोली जाउलाखेल युथ क्लवलाई २–१ गोल अन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । पहिलो रोजाईका खेलाडीहरू बिना नै मैदानमा उत्रिए पनि श्रीस्टारका दोस्रो रोजाईका खेलाडीहरूले निकै नै राम्रो खेल प्रस्तुत गरेका थिए । पहिलो हाफको २० औं मिनेटमा जाउलाखेल युथ क्लवका विदेशी खेलाडी कन्या गुरुङले १ गोल गर्दै अग्रता दिलाए पनि खेलको दोस्रो हाफको ६२ औं मिनेटमा श्रीस्टारका माइकल कोलिन्सको ठाउँमा मैदान प्रवेश गरेका अनिल गुरुङले हेडमार्फत गोल गर्दै खेललाई बराबरीमा पुर्‍याएका थिए । दोस्रो हाफको ३ मिनेटको इन्ज्युरी समयमा श्रीस्टारका फेमीले उत्कृष्ट गोल गर्दै टिमलाई फाईनलमा पुर्‍याउन सफल भएका हुन् ।

बुधबारको खेलमा श्रीस्टारका २५ नं. जर्सीका अनिल गुरुङ म्यान अफ द म्याच घोषित भएका थिए । यो जितसँगै श्रीस्टारले आज बिहीबार हुने दोस्रो सेमिफाईनल खेल सहारा क्लव र त्रिभुवन आर्मी क्लव बीचको विजयी टिमसंग माघ २० गते फाईनल खेल खेल्ने आयोजकले जनाएका छन् ।

# प्रेस युनियनको अञ्चल बैठक सम्पन्न

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल प्रेस युनियन गण्डकी अञ्चल समन्वय समितिको स्याङ्जामा सम्पन्न बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि सरकारसंग माग गरेको छ । स्याङ्जाको वालिङमा सम्पन्न बैठकले मुलुकका विभिन्न स्थानमा संचारकर्मी र संचारमाध्यममाथि एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरुद्वारा आक्रमण र धम्कीप्रति खेद प्रकट गर्दै पत्रकारहरुमाथि धम्की दिने र आक्रमण गर्ने तथा पत्रकार डेकेन्द्र थापा लगायत अन्य पत्रकारको हत्यामा संलग्न अपराधीलाई कारवाही अगाडि बढाउन माग गरेको छ । पत्रकार थापाको हत्यामा संलग्न भएकालाई कारवाहीको प्रक्रिया अगाडि बढाउन न्यायालयले गरेको निर्णयको सम्मान गर्दै बैठकले प्रधानमन्त्री डा.बाबुराम भट्टराई र महान्यायाधीवक्ता मुक्ति प्रधान लगायत अन्य केही नेताले अपराधीको संरक्षण गर्ने अभिव्यक्ति दिएको भन्दै आपत्ति प्रकट गरेको छ ।

बैठकले यथाशिघ्र राष्ट्रिय सहमतिको सरकार गठन गरी निर्वाचनको माध्यमबाट मुलुकलाई निकास दिन समेत सरकार र सबै राजनीतिक दललाई आग्रह गरेको छ । वालिङ उद्योग वाणिज्य संघद्वारा संचालित चौथो वालिङ महोत्सवको सफलताको कामना गर्दै बैठकले स्याङ्जाको समग्र विकासकालागि युनियनको तर्फबाट सम्भव भएसम्म सहयोग गर्ने निर्णय समेत गरेको छ । बैठकमा नेपाल प्रेस युनियनका केन्द्रीय प्रथम उपाध्यक्ष गंगाधर पराजुलीलगायत पश्चिमाञ्चल संयोजक साथै कास्कीका अध्यक्ष शिरोमणि बराल, तनहुँका अध्यक्ष डम्बर अधिकारी, स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, लमजुङका अध्यक्ष कृष्ण भगवान श्रेष्ठ, नेपाल पत्रकार महासंघ स्याङ्जाका सभापति ओम प्रकाश शर्मा, नेपाली कांग्रेस वालिङ नगर समितिका कोषाध्यक्ष चेतनारायण श्रेष्ठ लगायतको सहभागिता रहेको अञ्चल समितिका सचिव टंकराज अधिकारीले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो । प्रेस युनियनका अञ्चल संयोजक मिलन शर्माको अध्यक्षतामा उक्त बैठक सम्पन्न भएको थियो ।




# लेखक संघ कास्कीको तेस्रो वार्षिकोत्सव

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाली लेखक संघ कास्कीको तेस्रो वार्षिक साधारणसभा तथा विश्व शाक्यको यात्रा संस्करणात्मक कृति 'अस्ट्रेलियामा ६६ दिन' को परिचर्चा कार्यक्रम सोमबार सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै कविवर तेजनाथ घिमिरेले लेखकले आफ्नो स्वतन्त्रतालाई कहिल्यै भुल्न नहुने बताउनुभयो । उहाँले लेखक जुनसुकै आस्थाबाट प्रभावित भएको भएपनि लेखनकाक्रममा आस्थालाई एकातिर पन्छाई स्वतन्त्र भएर लेख्नुपर्नेमा जोड दिनुभयो ।साहित्यकार विश्व शाक्यको कृतिमाथि समीक्षा गर्दै विन्दुवासिनी संस्कृत विद्यापीठका सह–प्राध्यापक योगराज पौडेलले कृतिकार शाक्य एक सशक्त साहित्यकार भएको कृतिले पुष्टि गरेको धारणा व्यक्त गर्नुभयो । उहाँले शाक्यले अस्ट्रेलियामा देखेको कुरालाई पुस्तकमा उतारेर देशका लागि महत्वपूर्ण योगदान दिएको बताउँदै नेपाली समाजका लागि कृति महत्वपूर्ण हुने बताउनुभयो ।पुस्तकमा अस्ट्रेलियाको कुराको समावेश गरेपनि नेपालीहरुका लागि अत्यन्तै उपयोगी हुने समीक्षक पौडेलको भनाइ छ । शाक्यद्वारा लिखित पुस्तक अध्ययन गरेपनि अस्ट्रेलिया पुगेको अनुभूति हुने उहाँको भनाइ थियो ।



तस्वीर सहयोग : विश्व शाक्य

संघका अध्यक्ष डा.लक्ष्मीशरण अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका सचिव शोभाकान्त गौतमले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै एकवर्षको अवधिका संघले पाँचवटा महत्वपूर्ण कार्य गर्न सफल भएको बताउनुभयो । कार्यक्रममा स्रष्टा विश्व शाक्यले नेपालदेखि अस्ट्रेलिया र अस्ट्रेलियादेखि नेपालसम्मको यात्रालाई एक पुस्तकमा समावेश गरेको बताउनुभयो । अस्ट्रेलियामा नेपालको जस्तो भौगोलिक वातावरण र संस्कृति पाउन नसकिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत मन्तव्य संघका उपाध्यक्ष भानु कंडेलले राख्नुभएको थियो भने कार्यक्रमको संचालन सचिव शोभाकान्त गौतमले गर्नुभएको थियो ।

## पाठकहरूलाई अनुरोध

विगत १५ वर्षदेखि प्रकाशित नेपालकै एकमात्र पहिलो ज्योतिष समाचारपत्र 'ज्योतिष भविष्यवाणी' तपाईलाई कस्तो लाग्छ ? कृपया सल्लाह, सुझाव, प्रतिक्रिया पठाउनु भएमा हामी प्रकाशित गर्नेछौं । साथै यहाँको ज्योतिष सम्बन्धी, लेख, रचना तथा अन्य समसामयिक सत्य घटनामा आधारित विचारहरू छन् भने हामीलाई पठाउनुहोस् । पठाउने व्यक्तिको एकप्रति फोटो, सम्पर्क ठेगाना र सम्पर्क फोन नम्बर अनिवार्य आवश्यक छ । पत्राचारका लागि ठेगाना : पो.व.नं.२०७, पोखरा, कास्की, नेपाल अथवा E-mail: haripanta@gmail .com मा पनि पठाउन सक्नुहुनेछ ।

# मानवअधिकारलाई विशेष महत्व दिनुपर्नेमा जोड

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा पत्रकार तथा सम्पूर्ण मिडियाको विशेष भूमिका हुन्छ। मानव अधिकारका विषयमा पत्रकार तथा सम्पूर्ण मिडियाले विशेष महत्व दिनुपर्नेमा पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरूले पनि सोही कुरालाई जोड दिएका छन्। मानवअधिकार पत्रकार संघ (हुर्जा) कास्की र हुर्जा नेपालको संयुक्त आयोजनामा आइतबार पोखरामा भएको पत्रकारहरुका लागि मानव अधिकारको दृष्टिकोणबाट समाचार लेखन तथा सचेतना कार्यक्रम विषयक एक दिवसीय कार्यशाला गोष्ठी सम्पन्न भएको छ। गोष्ठीको उद्घाटन गर्दै पुनरावेदन अदालत कास्कीका न्यायाधीश डिल्लीराज आचार्यले मानव अधिकार विषय आँफैमा गहिरो विषय भएकाले पत्रकारले मिसन लिएर काम गर्नुपर्ने बताउनुभयो। विचार सबैले राख्न पाउनु पर्ने तर न्यायकर्मी र प्रेसकर्मीले भने आफ्नो काममा विचारको प्रयोग गर्न नहुनेमा जोड दिंदै उहाँले पत्रकार कृष्ण सेन र डेकेन्द्र थापाको विषयमा आवाज उठेको तर सेनको विषयमा न्यायको कुरै नआएको र डेकेन्द्रको विषयमा न्याय अवरुद्ध हुनखोजे पनि दुवैमा आवश्यकता भन्दा बढी राजनीतिको रङ्ग भित्रिएको बताउनुभयो। कार्यक्रममा हुर्जा नेपालका केन्द्रीय महासचिव गणेशप्रसाद घिमिरेले पत्रकार डेकेन्द्र थापाको घटनालाई प्रधानमन्त्री र महान्यायाधिवक्ताले पीडकलाई समर्थन गर्दा मानवअधिकार शब्दलाई घृणित बनाएको बताउनुभयो।

कार्यक्रममा स्वतन्त्र पत्रकार संघ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोलाले आफूले अधिकार खोज्दा अरुको अधिकार पनि संरक्षण गर्नुपर्नेमा जोड दिंदै पत्रकारहरुको हत्यारालाई कारर्वाही गर्न सरकार संग माग गर्नुभयो। हुर्जा कास्कीका उपाध्यक्ष राजेश पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्रीय प्रहरी कार्यालय पोखराका एसपी वीरेन्द्र श्रेष्ठ, वरिष्ठ मानव अधिकारकर्मी टेकनाथ बराल, राष्ट्रिय सम्पदा तथा जनाधिकार संरक्षण समिति नेपालका महासचिव रामबहादुर पौडेल, रेडियो सराङ्कोटका कार्यकारी निर्देशक कृष्ण थापा, अनिज कास्कीका अध्यक्ष हुमबहादुर गुरुङ, संचारिका समूह पश्चिमाञ्चलकी अध्यक्ष बसन्ती बाँस्तोला, प्रेस चौतारी कास्कीका अध्यक्ष श्यामनाथ कुँवर, अधिकारकर्मी विना शिलवाल, राष्ट्रिय मानव अधिकार आयोगका अधिकृत ज्योती घिमिरे, सञ्चारविज्ञ लक्ष्मणदत्त पन्त, हुर्जा नेपालका केन्द्रीय कोषाध्यक्ष किशोर कुमार पौडेल, हुर्जा कास्कीका सदस्य असफल गौतम र महासचिव वीरेन्द्र सापकोटा, लगायतले मानवअधिकार रक्षाका लागि पत्रकार तथा संचारकर्मी एक हुनुपर्नेमा जोड दिनुभएको थियो। उद्घाटनसत्रपछि भएको कार्यशालामा मानवअधिकार र पत्रकारिता, पत्रकारहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आचारसंहिता, मानवअधिकारका विविध पक्षहरुमा रहेर सञ्चारविज्ञ लक्ष्मणदत्त पन्त, हुर्जा नेपालका महासचिव गणेशप्रसाद घिमिरे, कोषाध्यक्ष किशोरकुमार पौडेलले सहजीकरण गर्नुभएको थियो। कार्यशालामा पोखराको विभिन्न संचारगृह तथा मिडियामा आवद्ध २० जना पत्रकारहरू सहभागी थिए।

# ज्योतिष जागरण भाग-२ प्रशारण

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा-४, गैरापाटन स्थित सुनौलो एफ.एम.१०२.२ मेगाहर्जबाट यही मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेबीच 'ज्योतिष जागरण' कार्यक्रम प्रशारण गरिएको छ। विदेश भ्रमण (कविता) सुनौलो एफ.एम.को प्रशंसनीय कार्य (सम्पादकीय) ज्योतिष वैज्ञानिक उपचार, पञ्चाङ्ग परिचय, 'जनआन्दोलन-३, सफल हुने' भविष्यवाणी लगायत सम-सामयिक विषयमा चर्चा गरिएको कार्यक्रमको विधिवत् उद्घाटन माघ ९ गते मंगलबार बिहान ठीक ११:३० बजे गरिएको थियो भने पहिलो दिनको कार्यक्रम प्रशारण अवधि ११:३० देखि १२ बजेबीच आधा घण्टा रहेको थियो। कार्यक्रम उत्पादक तथा प्रस्तोता वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी रहेको यो रेडियो ज्योतिष कार्यक्रम तेस्रो हो।

नेपाल अधिराज्यको इतिहासमा ज्योतिषीसंग प्रत्यक्ष सार्वजनिक रुपमा मेडियाबाट प्रश्न-उत्तर जान्न पाइने कार्यक्रम रेडियो अन्नपूर्ण ९३.४ पोखराले श्रावण १२, २०५९ मा शुरु गरेको थियो भने धौलागिरि एफ.एम.९८.६ बाग्लुङले २०६५ साल भाद्र २ गते कार्यक्रम ज्योतिष जागरण शुरु गरेको थियो। धौलागिरि एफ.एम.बाग्लुङका अतिथि डा.बलराम उपाध्याय रेग्मी आँफै कार्यक्रम संचालक भई प्रस्तुत कार्यक्रम 'ज्योतिष जागरण' तेस्रो रहेकोमा अधिकतम् ज्योतिष जिज्ञासु श्रोताले लाभ उठाउन सक्ने देखिएको छ।

व्यक्तिगत लाभ हानीको जानकारीदेखि ज्योतिष वैज्ञानिक दृष्टिकोणमा के ठीक/के बेठीक बारे चर्चा गरिने कार्यक्रमबाट अधिकतम् लाभ समाजलाई पुग्न सक्ने प्रेस युनियन कास्की अध्यक्ष शिरोमणि बराल, सुनौलो एफ.एम.का कार्यकारी निर्देशक गंगाधर पराजुली, स्टेशन म्यानेजर रीता गुरुङ समेत समस्त ज्योतिषप्रेमी पोखरेलीको सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ।

# कस्तो होला...

अवश्य याद गर्नेछ। संविधान निर्माणमा डा.बाबुराम भट्टराई एक्लो दोषी होइनन् त्यो काम गर्नुको सफलता श्रेय उनलाई दिन खोजिएको होइन भन्नेमा ज्योतिष भविष्यवाणी विश्वस्त छ। वि.सं.२०३६ जेष्ठमा राजा वीरन्द्रले उठाएको कदममा बहुदलवादीको हार भएपनि ठीक १० वर्षपछि अर्थात् वि.सं.२०४६ मा जनआन्दोलन १ सफल भएजस्तै वि.सं.२०६९ माघ ६ गते आरम्भ गरिएको आन्दोलनले माओवादी पार्टीलाई 'या सुध्र अथवा समाप्त भईजाऊ' भन्ने संकेत गरेको छ। माओवादी पार्टी एउटा राजनीतिक पार्टीको रुपमा रहिरहने हो र अमेरिकाको आतङ्ककारीको सूचीमा पुनः दर्ता हुन नजाने हो भने सत्ता कव्जा गरियो, अब आजीवन सत्ता छाडिन्न भन्ने भविष्यवाणी गलत हुन त्यति धेरै पर्खिनु पर्दैन। तरखाने कुरामा सबै एकजूट हुने, फाइदाको निर्णय गर्नपरे पक्ष न विपक्ष, सत्तामा जानुपरे हाम्रै पार्टी जानुपर्ने अडान नछाड्ने नेतामाथि विश्वास गर्न आम जनतालाई त्यति सहज छैन।

छिटोमा वि.सं.२०७१, ढिलोमा २०६९ सम्ममा पुनः बहुदलीय प्रजातन्त्रवादीको जित हुजे ज्योतिष भविष्यवाणीको फैसला छ।

# बाग्लुङ कालिका मन्दिरलाई एकलाख सहयोग

✍दिनेश सापकोटा

**बाग्लुङ** : बागलुङको प्रसिद्ध कालिका भगवती मन्दिर व्यवस्थपन समितिलाई मंगलबार एक दम्पतिले नगद एकलाख सहित वाद्यवादनका सामाग्री प्रदान गर्नुभएको छ।

बागलुङ नगरपालिका २ का अग्निधर पौडेल र यमुना पौडेलले गुठी व्यवस्थापन समितिका अध्यक्ष राजु खड्कालाई रकम सहित सामाग्री प्रदान गर्नुभएको छ। कालिका भगवती मन्दिर व्यवस्थापन समितिलाई १ लाख नगद, हारमोनियम, मादल, खैजडी, मुजुरा लगायत भजनका लागि आवश्यक बाजागाजा, घण्ट र गणेशको मैर्ति प्रदान गरेको समितिका अध्यक्ष राजु खड्काले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो। सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी महादेव पन्थले समाजमा सामाजिक मर्यादा कायम गर्नका लागि युवा वर्गमा धार्मिक संस्थाप्रति आस्था जगाउनुपर्ने बताउनुभयो। 'युवा वर्गमा अग्रजलाई सम्मान गर्ने संस्कारको अन्त्य भएको छ' उहाँले भन्नुभयो,'युवा वर्गलाई सामाजिक मान्यताका बारेमा जानकारी गराउनु आवश्यक छ।' कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ बागलुङका अध्यक्ष रामबहादुर जि.सी.ले मन्दिरलाई सहयोग गरेको रकमको सहि सदुपयोग गरि मन्दिरलाई थप व्यवस्थित गर्न आग्रह गर्नुभयो।

कालिका भगवती मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष राजु खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य श्रीप्रसाद सुवेदीले स्वागत मन्तव्य तथा सदस्य सचिव शालिकराम आचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो।

# हार्दिक बधाई



लालप्रसाद पाठक

पाठक बुक्स एण्ड स्टेशनरीका संचालक तथा नेपाल ज्योतिष पत्रकार संघ नेपाल एवम् ज्योतिष भविष्यवाणी सप्ताहिकका शुभचिन्तक **श्री लालप्रसाद पाठकज्यू** धादिङ-पोखरा सम्पर्क समितिको कोषाध्यक्ष एवम् नेपाल पुस्तक व्यवसायी महासंघ कास्कीको सदस्य पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं।

**ज्यो.हरि पन्त** / **ज्यो.डा.बलराम उपाध्याय रेग्मी**
*प्रवक्ता* / *सभापति*
एवम्
**नेपाल ज्योतिष पत्रकार संघ, नेपाल परिवार**


## वरिष्ठ ज्योतिष भविष्यवक्ता/अधिवक्ता

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

एम.ए.(अंग्रेजी),जी.ए.एम.एस्.(आयुर्वेद) बी.एड.(अंग्रेजी),
बी.एल.(कानूनशास्त्री) व्याकरणशास्त्री (संस्कृत)
एम.फिल., पी.एच.डी.(ज्योतिष), ज्योतिष
महामहोपाध्याय(डी.लिट्) मानार्थ

**कार्यालय** : ज्योतिष भविष्यवाणी, पोखरा-२,
अर्चलबोटचोक, कास्की, नेपाल

**भेट्ने समय** : बिहान १० बजेदेखि १२ बजेसम्म/
दिनमा १ देखि बेलुकी ५ बजेसम्म/

नोट : प्रत्येक शनिबार 'ज्योतिष भविष्यवाणी' कार्यालय
पूर्णरुपमा बन्द रहनेछ।

ज्योतिष सम्बन्धी सम्पूर्ण सेवाका लागि
सम्पर्क फोन नं. ९८५६०२०९१४, ९८५६०३०९१४
९७२६१५३६८४, ०६१-५४०३४७



**विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान**

**उपलब्ध सेवाहरू:**

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- निःशुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



**होटल फेवा प्रिन्स प्रा. लि.**
चाउथे, कुँडहर
'The Most Spacious Hotel in Pokhara'

फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink .com

# नेपाल बारको पदभार फाल्गुन १ गते

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : नेपाल बार एशोसियशन केन्द्रीय कार्य समितिको गत पौष २८ गते सम्पन्न निर्वाचनबाट केन्द्रीय समितिमा निर्वाचित भएका पदाधिकारीको पदभार ग्रहण आगामी फाल्गुन १ गते मंगलबार बिहान ११ बजे हुने भएको छ। काठमाडौंमा हुने पदभारग्रहण कार्यक्रमकै दिन साधारणसभा समेत सम्पन्न गरिने नवनिर्वाचित अध्यक्ष अधिवक्ता हरिकृष्ण कार्कीले ज्योतिष भविष्यवाणीलाई जानकारी दिनुभयो।

फाल्गुन १ गते काठमाडौंमा पदभार ग्रहण गर्नेहरूमा अध्यक्ष अधिवक्ता हरिकृष्ण कार्की, उपाध्यक्षहरूमा अधिवक्ता जनक पाण्डेय (पूर्वाञ्चल), अधिवक्ता टीकाराम भट्टराई (मध्यमाञ्चल), अधिवक्ता अनिता गुरुङ (पश्चिमाञ्चल), अधिवक्ता पदमप्रसाद वैदिक (मध्यपश्चिमाञ्चल), अधिवक्ता राजेन्द्र बहादुर साउद (सुदूरपश्चिमाञ्चल) तथा महासचिवमा अधिवक्ता सुनिलकुमार पोखरेल, कोषाध्यक्ष अधिवक्ता मोहन इङ्नाम, केन्द्रीय सदस्यहरू अधिवक्ता गजेन्द्रशंकर टिमिला, अधिवक्ता गणेशप्रसाद अधिकारी, अधिवक्ता सागर विष्ट, अधिवक्ता प्रसन्नकृष्ण दास, अधिवक्ता विनिता कार्की, अधिवक्ता लक्ष्मीदेवी दाहाल रावल, अधिवक्ता केदारप्रसाद कोइराला, अधिवक्ता सरस्वती श्रेष्ठ, अधिवक्ता राज्यलक्ष्मी वज्राचार्य रहनुहुने छ।


## हार्दिक बधाई एवम् शुभकामना

नेपाल अंग्रेजी भाषा शिक्षक संगठन (नेल्टा) पोखराको १८औं वार्षिकोत्सव तथा साधारणसभाबाट हरिश आर.के. *अध्यक्ष*(शिशुनिकेतन उमावि), पितृराज बाँस्तोला *उपाध्यक्ष* (पी.एन. क्याम्पस), मिनु कुँवर श्रेष्ठ सचिव (पश्चिमाञ्चल उमावि), मुकेश कुमार अधिकारी *कोषाध्यक्ष* (कुमुदिनी होम्स उमावि), पिताम्वर पौडेल *सह-सचिव* (पी.एन.क्याम्पस) र सदस्यहरूमा शेरबहादुर क्षेत्री (फेवा पब्लिक स्कूल), खिमलाल अधिकारी (विन्ध्यवासिनी उमावि), नवराज न्यौपाने (पी.एन. क्याम्पस), अजय थापा (आदर्श बोडिङ स्कूल), सन्दीप अधिकारी (कञ्चनजङ्गा बोडिङ्ग स्कूल), सावित्री शर्मा(गण्डकी आवासीय उमावि) आगामी कार्यकालका लागि चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरूको कार्यकालको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

**प्राध्यापक डा.बलराम उपाध्याय रेग्मी**

आजीवन सदस्य नेल्टा, नेपाल

**काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनबाट,** ललितपुर

***संस्थापक अध्यक्ष***

**वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय,** तदर्थ समिति, नेपाल

**पोखरा कलेज अफ अस्ट्रोलोजी** पोखरा-२, अर्चलबोटचोक, नेपाल


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत दिइने व्यवस्था चलिरहेको छ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ। अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ। ज्योतिषको वैज्ञानिक उपचारबाट बिरामी ठीक गरिन्छ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस्।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत ११ वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ, सुन्दै गर्नुहोला। यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन।
१२. प्रत्येक हप्ताको सोमबार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भैरहेको छ, सुन्दै गर्नुहोला।


**सम्पर्क ठेगाना**

## ज्योतिष भविष्यवाणी

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार

कार्यालय : पोखरा-२, अर्चलबोटचोक, कास्की, पो.ब.नं. 207, पोखरा, नेपाल।

Phone/Fax : +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet .com .np/haripanta@gmail .com

Website: www .jbweekly .com, www .Facebook .com/jbweekly


## लेखनाथ...

लागि ठूलो सहयोग पुगेको छ।' उहाँका अनुसार नेपाल उद्योग वाणिज्य महासंघ र कृषि तथा सहकारी मन्त्रालयको सहकार्यमा कृषिको माध्यमबाट पर्यटकीय क्षेत्रको विकास गर्ने उद्देश्य अनुरुप लेखनाथमा 'एक गाउँ एक उत्पादन'को नारा अघि सारिएको हो। एक गाउँ एक उत्पादनको नारा लेखनाथको तालचोकदेखि हंसपुर गा.वि.स.सम्म लागू भएको छ। तालचोकदेखि हंसपुरसम्म रहेका माछा, कफी, दूध, मह र सुन्तालाको माध्यमबाट पर्यटन विकासका लागि एक गाउँ एक उत्पादनको नारा अघि सारिएको र यसकार्यले महत्वपूर्ण टेवा पु-याउँदै आएको छ।

'कवि शिरोमणि लेखनाथ पौड्यालकै नामबाट ठाउँ परिचित हुन गएकाले सबै क्षेत्रबाट लेखनाथको विशेष चर्चा हुने गरेको छ' संयोजक त्रिपाठी भन्नुहुन्छ, 'कवि शिरोमणि लेखनाथकै नाउँ, लेखनाथको पर्यटकीय क्षेत्र तथा स्थानीय उत्पादन (माछा, कफी, दूध, मह र सुन्तला) ले देशकै नमुना र उत्कृष्ट महोत्सव भएको छ। त्यसैले लेखनाथ महोत्सव महोत्सवको पनि महोत्सव हो।' १२ दिनसम्म संचालन हुने लेखनाथ महोत्सवको सम्पूर्ण तैयारी पूरा भएको छ। मंगलबारसम्ममा करिब ९५ प्रतिशत काम सम्पन्न भइसकेको र उद्घाटनको तैयारीमात्र बाँकी रहेको छ। महोत्सवको उद्घाटन नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेलले गर्ने महोत्सवका सह-संयोजक लक्ष्मी त्रिपाठीले जानकारी दिनुभयो। महोत्सवको उद्घाटनमा राष्ट्रपति आउने तैयारी भएपनि विशेष कारणवश राष्ट्रपति आउन नसकेकाले मुख्यसचिव लिलामणि पौडेलले उद्घाटन गर्ने कार्यक्रम तय भएको बताइएको छ। महोत्सवको समयसीमा छोटिंदै जाँदा प्रचार-प्रसारलाई समेत तीव्र पारिएको छ। प्रचार-प्रसारका लागि लेखनाथ, पोखरा, तनहुँको मुख्य चोकहरूमा गेट निर्माण, ब्यानर तथा पोष्टर टाँस्ने, यातायातका साधनहरूमा तुल ब्यानर राख्ने, मोवाइलको सिआरवीटी टोनमार्फत समेत प्रचार-प्रसार गरिएको छ। लेखनाथ, पोखरा तथा तनहुँका एफ.एम.रेडियो, पत्रपत्रिका एवम् टेलिभिजनमार्फत प्रचार-प्रसार गर्ने तैयारी अन्तिम चरणमा पुगेको संयोजक त्रिपाठी बताउनुहुन्छ। त्रिपाठीका अनुसार तयारीबारे जानकारी दिन अन्तिम पत्रकार सम्मेलन २४ गते गरिने भएको छ।

महोत्सवमा ३ लाख दर्शक उतारी करिब १५ करोडको कारोबार गर्ने लक्ष्य रहेको छ भने ६० लाख आम्दानी, ४५ लाख खर्च गर्ने र १५ लाख आम्दानी गरी लेखनाथको स्थानीय उत्पादन, आन्तरिक एवम् बाह्य पर्यटन प्रवर्द्धन तथा विविध सामाजिक कार्यका लागि खर्च गरिने अर्थ संकलन समितिका संयोजक बलराम ढकालको भनाइ छ। उहाँका अनुसार महोत्सवमा रहने ३ सय स्टलको बुकिङ्ग भईसकेको र स्टल निर्माण कार्य जारी रहेको छ। सबैको आपसी समझदारी र उच्च मेहनतका साथ महोत्सवलाई आकर्षक बनाएकाले महोत्सव सफल हुने उहाँको दावी छ।

देशमा राष्ट्रिय बजेट नआएकाले केही अप्ठ्यारो भएपनि लेखनाथ महोत्सवलाई हेर्ने दृष्टिकोण केही फरक रहेकाले महोत्सव सफलतापूर्वक सम्पन्न हुने अर्थसंकलन समिति संयोजक बलराम ढकालको भनाइ छ। त्यसैगरी लेखनाथ महोत्सव सबैको महोत्सव भएकाले सफलतापूर्वक सम्पन्न गर्नु सबैको कर्तव्य भएको महोत्सवका संयोजक तथा लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुमनमोहन भट्टराईको भनाइ छ। लेखनाथको चिनारी बेगनास ताल, कवि शिरोमणि पौड्याल र लेखनाको स्थानीय उत्पादन भएकाले देशकै उत्कृष्ट महोत्सव हुने संयोजक भट्टराईको दावी छ। लेखनाथ महोत्सव अन्तिम महोत्सव भएकाले सबैजना आएर महोत्सव अवलोकन गरी सहयोग गर्न अध्यक्ष भट्टराईको आग्रह छ।

महोत्सव सम्पन्न गर्न ३३ उप-समिति सक्रिय रहेको। महोत्सव अवलोकन गर्न स्थानीय लेखनाथ तथा कास्की, स्याङ्जा, चितवन, पर्वत, बाग्लुङ, म्याग्दी र तनहुँका समेत दर्शक आउने बताइएको छ। नुनदेखि सुनसम्म पाइने महोत्सवमा जोडी गण्डकी डान्स (कपल डान्स), रत्यौली प्रतियोगिताको आयोजना गर्दै नवप्रतिभाको खोजी गर्ने उद्देश्य महोत्सवले राखेको छ।

त्यस्तै औद्योगिक तथा व्यापारिक मेला, बैंक तथा वित्तीय प्रदर्शनी, खाना महोत्सव, चिल्ड्रेन पार्क तथा शैक्षिक प्रदर्शनी, डेरी तथा कुखुरा प्रदर्शनी, सुन्तला, माछा लगायत स्थानीय उत्पादनको प्रदर्शनी, जैविक विविधता प्रदर्शनी, पप कन्सर्ट, विभिन्न हास्य कलाकारहरूको प्रस्तुति, लोकदोहोरी प्रस्तुति र विद्यालयस्तरीय लोक नृत्य तारा पुञ्ज लगायत रहेका छन्। महोत्सवलाई थप आकर्षण तथा लेखनाथको पर्यटकीय क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि हेलिकप्टर तथा घोडाको व्यवस्था समेत गरिएको छ।

महोत्सवको मुख्य प्रायोजक सफल दूध, सह-प्रायोजक अपी फाइनान्स लगायत विभिन्न व्यापारिक प्रतिष्ठान एवम् संघ-संस्था प्रायोजकका रुपमा रहने बताइएको छ।

## शक्ति परिवर्तन...

छ त्यही कुरा व्यवहारमा कार्यान्वयन नगरी झुटो कुरा गर्नाले समाजमा हिंसा बढेको भन्दै धार्मिक पारदर्शिताको कुरामा प्रशासनले अनुगमन गर्नुपर्ने बताउनुभयो। राष्ट्रिय धर्मसभा नेपालका केन्द्रीय सदस्य पं. तारानाथ शर्माले प्रकृति विरुद्ध कुनैपनि धर्म नटिक्ने भएकोले स्वतन्त्रताको अधिकारलाई अपहरण गर्न र अर्काको आस्थालाई ठेस पुऱ्याउन नहुने बताउनुभयो।

राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले मानवअधिकारले धार्मिक स्वतन्त्रता दिएको उल्लेख गर्दै कर्तव्य सहितको अधिकार कार्यान्वयन गर्नु पर्ने बताउनुभयो। कार्यक्रममा वरिष्ठ मानवअधिकारकर्मी टेकनाथ बरालले परोपकार नै धर्मको मूल मर्म र अरुलाई पीडा दिनु पाप भएकोले यसलाई व्यवहारमा कार्यान्वयन गर्नु पर्नेमा जोड दिनुभयो। सशस्त्र प्रहरी बल कालिका गणका प्रमुख शम्भु उप्रेतीले धर्मको नाममा समाजमा द्वन्द्व निम्त्याउने छुट कसैलाई नभएको भन्दै त्यसप्रति सुरक्षा निकाय सजक रहेको बताउनुभयो। कार्यक्रममा क्षेत्रीय प्रहरी कार्यालयका श्यामकृष्ण अधिकारीले प्रशासनले समाजमा शान्ति सुरक्षा कायम गर्न प्रतिवद्ध रहेको भन्दै धर्मको आडमा हुने अपराधलाई कारवाही गर्ने प्रतिवद्धता जनाउनुभयो। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेलले समाजमा शान्ति र सुशासन कायम गर्नको लागि धार्मिक समुदायमार्फत् सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य माधव शर्मा, नेपाली कांग्रेसका कास्की जिल्ला सदस्य कमल कुँवर, शान्तिका लागि नागरिक समाज सञ्जाल पोखराका संयोजक विष्णुप्रसाद बराल, पश्चिमाञ्चल मानव अधिकार रक्षक सञ्जालका संयोजक रामप्रसाद घिमिरे, कास्की जिल्ला बार इकाईका अध्यक्ष कमल अर्याल, गैसस महासंघ कास्कीका उपाध्यक्ष गोपाल खड्का, ताओ एशोशियसन अफ नेपालका दीपकलाल पराजुली, अर्जुन केसी, दलित अधिकारकर्मी कमला गहतराज, इसाई समुदायका जमुना कायस्थ, सञ्चारकर्मी हुमबहादुर गुरुङ, महेश खाती लगायतले धर्मको नाममा समाजमा द्वन्द निम्तिने खतरा बढेकाले यसलाई रोक्न सबैधर्म एक भएर अघि बढ्नु पर्नेमा जोड दिएका थिए।

अन्तरधार्मिक समन्वय तदर्थ समितिका संयोजक वेदनीधि शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रम इन्सेक पोखराका प्रलेख अधिकृत गणेश भण्डारीले संचालन गर्नुभएको थियो। कार्यक्रममा विभिन्न धार्मिक संघ/संस्थाका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, अधिकारकर्मी, पेशाकर्मी, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि गरी ६१ जनाको सहभागिता रहेको थियो।

प.क्षे.हु.नि.द.नं.१/२०६९, कास्की, झापा, इलाम, सुनसरी, मोरङ, काठमाडौं, तनहुँ, पर्वत, बाग्लुङ, चितवन, स्याङ्जा, कैलाली, नवलपरासी, रुपन्देहीका हुलाकबाट समेत पत्रिका वितरण हुनेछ ।


# दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६९/१०/१८ Jan.31, 2012 | बिहान ६:५३ बजेदेखि ८:२३ बजेसम्म शुभ/बिहान ८:२३ बजेदेखि ९:५३ बजेसम्म रोग/बिहान ९:५३ बजेदेखि ११:२३ बजेसम्म उद्वेग/बिहान ११:२३ देखि १२:५३ बजेसम्म चर/दिनमा १२:५३ देखि २:२३ बजेसम्म लाभ/दिनमा २:२३ बजेदेखि ३:५३ बजेसम्म अमृत/दिनमा ३:५३ देखि ५:२३ बजेसम्म काल/बेलुकी ५:२३ देखि ६:५३ बजेसम्म शुभ । |
| शुक्रबार २०६९/१०/१९ Feb.1, 2012 | बिहान ६:५३ बजेदेखि ८:२३ बजेसम्म चर/बिहान ८:२३ बजेदेखि ९:५३ बजेसम्म लाभ/बिहान ९:५३ बजेदेखि ११:२३ बजेसम्म अमृत/बिहान ११:२३ देखि १२:५३ बजेसम्म काल/दिनमा १२:५३ देखि २:२३ बजेसम्म शुभ/दिनमा २:२३ बजेदेखि ३:५३ बजेसम्म रोग/दिनमा ३:५३ देखि ५:२३ बजेसम्म उद्वेग/बेलुकी ५:२३ देखि ६:५३ बजेसम्म चर । |
| शनिबार २०६९/१०/२० Feb.2, 2012 | बिहान ६:५२ बजेदेखि ८:२२ बजेसम्म काल/बिहान ८:२२ बजेदेखि ९:५२ बजेसम्म शुभ/बिहान ९:५२ बजेदेखि ११:२२ बजेसम्म रोग/बिहान ११:२२ देखि १२:५२ बजेसम्म उद्वेग/दिनमा १२:५२ देखि २:२२ बजेसम्म चर/दिनमा २:२२ बजेदेखि ३:५२ बजेसम्म लाभ/दिनमा ३:५२ देखि ५:२२ बजेसम्म अमृत/बेलुकी ५:२२ देखि ६:५२ बजेसम्म काल । |
| आइतबार २०६९/१०/२१ Feb.3, 2012 | बिहान ६:५२ बजेदेखि ८:२२ बजेसम्म उद्वेग/बिहान ८:२२ बजेदेखि ९:५२ बजेसम्म चर/बिहान ९:५२ बजेदेखि ११:२२ बजेसम्म लाभ/बिहान ११:२२ देखि १२:५२ बजेसम्म अमृत/दिनमा १२:५२ देखि २:२२ बजेसम्म काल/दिनमा २:२२ बजेदेखि ३:५२ बजेसम्म शुभ/दिनमा ३:५२ देखि ५:२२ बजेसम्म रोग/बेलुकी ५:२२ देखि ६:५२ बजेसम्म उद्वेग । |
| सोमबार २०६९/१०/२२ Feb.4, 2012 | बिहान ६:५१ बजेदेखि ८:२१ बजेसम्म अमृत/बिहान ८:२१ बजेदेखि ९:५१ बजेसम्म काल/बिहान ९:५१ बजेदेखि ११:२१ बजेसम्म शुभ/बिहान ११:२१ देखि १२:५१ बजेसम्म रोग/दिनमा १२:५१ देखि दिनमा २:२१ बजेसम्म उद्वेग/दिनमा २:२१ बजेदेखि ३:५१ बजेसम्म चर/दिनमा ३:५१ देखि ५:२१ बजेसम्म लाभ/बेलुकी ५:२१ देखि ६:५१ बजेसम्म अमृत । |
| मंगलबार २०६९/१०/२३ Febn.5, 2013 | बिहान ६:५० बजेदेखि ८:२० बजेसम्म रोग/बिहान ८:२० बजेदेखि ९:५० बजेसम्म उद्वेग/बिहान ९:५० बजेदेखि ११:२० बजेसम्म चर/बिहान ११:२० देखि १२:५० बजेसम्म लाभ/दिनमा १२:५० देखि २:२० बजेसम्म अमृत/दिनमा २:२० बजेदेखि ३:५० बजेसम्म काल/दिनमा ३:५० देखि ५:२० बजेसम्म शुभ/बेलुकी ५:२० देखि ६:५० बजेसम्म रोग । |
| बुधबार २०६९/१०/२४ Feb.6, 2013 | बिहान ६:५० बजेदेखि ८:२० बजेसम्म लाभ/बिहान ८:२० बजेदेखि ९:५० बजेसम्म अमृत/बिहान ९:५० बजेदेखि ११:२० बजेसम्म काल/बिहान ११:२० देखि १२:५० बजेसम्म शुभ/दिनमा १२:५० देखि २:२० बजेसम्म रोग/दिनमा २:२० बजेदेखि ३:५० बजेसम्म उद्वेग/दिनमा ३:५० देखि ५:२० बजेसम्म चर/बेलुकी ५:२० देखि ६:५० बजेसम्म लाभ । |

# दैनिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार २०६९/१०/१८ Jan.31, 2012 | बेलुकी ६:५३ बजेदेखि ८:२३ बजेसम्म अमृत/साँझ ८:२३ बजेदेखि ९:५३ बजेसम्म चर/राति ९:५३ बजेदेखि ११:२३ बजेसम्म रोग/राति ११:२३ देखि १२:५३ बजेसम्म काल/राति १२:५३ देखि २:२३ बजेसम्म लाभ/राति २:२३ बजेदेखि ३:५३ बजेसम्म उद्वेग/राति ३:५३ देखि ५:२३ बजेसम्म शुभ/बिहानमा ५:२३ देखि ६:५३ बजेसम्म अमृत । |
| शुक्रबार २०६९/१०/१९ Feb.1, 2012 | बेलुकी ६:५३ बजेदेखि ८:२३ बजेसम्म रोग/साँझ ८:२३ बजेदेखि ९:५३ बजेसम्म काल/राति ९:५३ बजेदेखि ११:२३ बजेसम्म लाभ/राति ११:२३ देखि १२:५३ बजेसम्म उद्वेग/राति १२:५३ देखि २:२३ बजेसम्म शुभ/राति २:२३ बजेदेखि ३:५३ बजेसम्म अमृत/राति ३:५३ देखि ५:२३ बजेसम्म चर/बिहानमा ५:२३ देखि ६:५३ बजेसम्म रोग । |
| शनिबार २०६९/१०/२० Feb.2, 2012 | बेलुकी ६:५२ बजेदेखि ८:२२ बजेसम्म लाभ/साँझ ८:२२ बजेदेखि ९:५२ बजेसम्म उद्वेग/राति ९:५२ बजेदेखि ११:२२ बजेसम्म शुभ/राति ११:२२ देखि १२:५२ बजेसम्म अमृत/राति १२:५२ देखि २:२२ बजेसम्म चर/राति २:२२ बजेदेखि ३:५२ बजेसम्म रोग/राति ३:५२ देखि ५:२२ बजेसम्म काल/बिहानमा ५:२२ देखि ६:५२ बजेसम्म लाभ । |
| आइतबार २०६९/१०/२१ Feb.3, 2012 | बेलुकी ६:५२ बजेदेखि ८:२२ बजेसम्म शुभ/साँझ ८:२२ बजेदेखि ९:५२ बजेसम्म अमृत/राति ९:५२ बजेदेखि ११:२२ बजेसम्म चर/राति ११:२२ देखि १२:५२ बजेसम्म रोग/राति १२:५२ देखि २:२२ बजेसम्म काल/राति २:२२ बजेदेखि ३:५२ बजेसम्म लाभ/राति ३:५२ देखि ५:२२ बजेसम्म उद्वेग/बिहानमा ५:२२ देखि ६:५२ बजेसम्म शुभ । |
| सोमबार २०६९/१०/२२ Feb.4, 2012 | बेलुकी ६:५१ बजेदेखि ८:२१ बजेसम्म चर/साँझ ८:२१ बजेदेखि ९:५१ बजेसम्म रोग/राति ९:५१ बजेदेखि ११:२१ बजेसम्म काल/राति ११:२१ देखि १२:५१ बजेसम्म लाभ/राति १२:५१ देखि २:२१ बजेसम्म उद्वेग/राति २:२१ बजेदेखि ३:५१ बजेसम्म शुभ/राति ३:५१ देखि ५:२१ बजेसम्म अमृत/बिहानमा ५:२१ देखि ६:५१ बजेसम्म चर । |
| मंगलबार २०६९/१०/२३ Febn.5, 2013 | बेलुकी ६:५० बजेदेखि ८:२० बजेसम्म काल/साँझ ८:२० बजेदेखि ९:५० बजेसम्म लाभ/राति ९:५० बजेदेखि ११:२० बजेसम्म उद्वेग/राति ११:२० देखि १२:५० बजेसम्म शुभ/राति १२:५० देखि २:२० बजेसम्म अमृत/राति २:२० बजेदेखि ३:५० बजेसम्म चर/राति ३:५० देखि ५:२० बजेसम्म रोग/बिहानमा ५:२० देखि ६:५० बजेसम्म काल । |
| बुधबार २०६९/१०/२४ Feb.6, 2013 | बेलुकी ६:५० बजेदेखि ८:२० बजेसम्म उद्वेग/साँझ ८:२० बजेदेखि ९:५० बजेसम्म शुभ/राति ९:५० बजेदेखि ११:२० बजेसम्म अमृत/राति ११:२० देखि १२:५० बजेसम्म चर/राति १२:५० देखि २:२० बजेसम्म रोग/राति २:२० बजेदेखि ३:५० बजेसम्म काल/राति ३:५० देखि ५:२० बजेसम्म लाभ/बिहानमा ५:२० देखि ६:५० बजेसम्म उद्वेग । |

# तपाईंको यो हप्ता

(माघ १८ गते बिहीबारदेखि २४ गते बुधबारसम्म)
(From Jan.31, to Feb.6, 2013)

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

१. मेषः तपाईंको यो हप्ता स्वास्थ्यको हिसाबले ठीकठाक रहनेछ । गर्न खोजेका काममा आत्मविश्वासका साथ पूरा गर्न सक्नु हुनेछ । सोचेका सबै धार्मिक काममा राम्रो सफलता मिल्नेछ । जवकि शनि, आइत, सोमबार जे काम गर्दापनि होशियार रहनुहोला । आउँदो मंगलबार र बुधबार यसअघि रोकिएका सम्पूर्ण काम बन्नेछन्, समयको सही उपयोग अवश्य पनि गर्नुहोला ।

२. वृषःतपाईंका लागि यो हप्ता आफन्त व्यक्तिसंग झगडा, मन चञ्चल कार्यक्रममा बिघ्नबाधा, पेट अथवा कम्मर दुख्ने वायू रोग, मन परेको खानामा अवरोध कुनै चिन्ता पर्ने समाचार सुन्नु पर्ला । जस्तो परेता पनि धैर्यका साथ काम लिनुहोला । मंगलबार, बुधबार तथा हप्ताको अन्त्यतिरको समयमा केही सुधार आउनेछ तर टाढाको यात्रा सुखमय भने रहने छैन ।

३. मिथुनःतपाईंलाई यो हप्ता जुनसुकै काममा अवरोधहरू रहेका छन् । मनमा अशान्ति, यात्रामा विघ्नबाधा, वायू रोग, खानामा गडवडी कुनै शोक पर्ने समाचार सुन्नु पर्नेछ । शत्रू समेत सक्रिय हुन सक्नेछन् । आफन्तबाट पनि बिरोध गर्नुपर्नेछ । हप्ताको अन्तिम दिन शनिबारदेखि बुधबारसम्म समय खराब रहेका छन् । ती दिनहरूमा विशेष सतर्क रहनु होला ।

४. कर्कःतपाईंको लागि यो हप्ता हप्ताका अन्तिम दिन मंगलबार र बुधबार सबैभन्दा शुभ रहेका छन् । जे काम धेरै महत्वपूर्ण रहेका छन् जस्तै जग्गा जमीन खरिद गर्ने, सुन बेच्ने, गाडी किन्ने, जस्ता महत्वपूर्ण काम मंगलबार र बुधबार पारेरमात्रै गर्नुहोला । यो बिहीबारदेखि आउँदो मंगलबारसम्मको समय कामचलाउ खालको रहेको छ । सो समयमा नयाँ निर्णय र महत्वपूर्ण काम गर्नु उचित हुँदैन ।

५. सिंहःतपाईंको यो हप्ता जन्मराशिदेखि बाह्रौं भावमा रहेको चन्द्रमाले अनावश्यक मानसिक चिन्ता थप्नेछ । नबोलाएको ठाउँमा नजानुहोला । बद्नाम, अपमानको सम्भावना त्यत्तिकै रहेको छ । जुनसुकै काममा अनावश्यक खर्च भै जाने अवस्था छ । यो हप्तामा टाढाको यात्रा, महत्वपूर्ण निर्णय नगर्नुहोला । शनिबार र आइतबार खेलकूद क्षेत्रमा सहभागी हुन मन लाग्नेछ ।

६. कन्याःयो हप्ता तपाईंको स्वास्थ्य ठीकठाक रहनेछ । आदर सत्कार पाइने काममा सहभागी हुन पाइनेछ । पारिवारिक तथा आश्रित कर्मचारीको राम्रो सहयोग पाइने छ । तपाईंको कार्यक्षेत्रमा शुभेच्छुक व्यक्ति नयाँ लाभका अवसर लिएर आउनेछन् । मंगलबार, शनिबार तपाईंका लागि त्यति शुभ छैनन् । ती दिनहरूमा महत्वपूर्ण कार्य, टाढाको यात्रा नगर्नु नै राम्रो हुनेछ ।

७. तुलाःतपाईंका लागि यो हप्ता पनि स्वास्थ्य त्यति राम्रो नरहने, दैनिक कार्यमा समेत अवरोध आउने सम्भावना रहेको छ, विशेष ख्याल गर्नुहोला । अनावश्यक काममा धन लगानी गर्नु पर्नेछ । आउँदो आइतबार, सोमबार र बिहीबारका समय केही सुधार हुन सक्ने देखिन्छ । सोमबार र शनिबार पूर्व दिशाको यात्रा गर्नुपनि उचित नहुने ज्योतिष वैज्ञानिक दृष्टिकोणमा देखिन्छ ।

८. वृश्चिकःतपाईंको यो हप्ता स्वास्थ्यले राम्रो साथ दिनेछ । प्रशन्नता बढ्ने काम हुनेछन् । उठ्नुपर्ने रकम सजिलै उठ्नेछ । सबै प्रकारका काममा राम्रो सफलता मिल्ने देखिन्छ । इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ । घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ । समयको सही उपयोग गर्दै आइतबार र शुक्रबार पश्चिम दिशाको यात्रा भने नगर्नुहोला ।

९. धनुःतपाईंलाई यो हप्ता आफ्नो काममा आफ्नै व्यक्तिहरुले बाधा पार्नेछन । त्यसकारण तपाईंको मन अस्थिर हुन सक्नेछ । जुन कार्यक्रममा भाग लिन जानुपर्ने हो त्यसमा छुट्नुपर्ने देखिन्छ । स्वास्थ्य ज्यादै संवेदनशील रहने देखिन्छ अर्थात यो हप्ता स्वास्थ्य त्यति भरोसाको रहनेछैन । हप्ताको अन्त्यतिरको समय मध्यम शुभ रहेपनि धार्मिक कार्यमा गरेको लगानी खेर जानेछैन ।

१०. मकरःतपाईंका लागि यो हप्ता आफूले राम्रो मानेर गरेको काममा आँफैलाई सन्तुष्टि मिल्ने छैन । कुनै मुद्दा मामिलामा लाग्नु ठीक छैन, लागियो भने आफ्नै पैसा र समयको वरवादीमात्र हुनेछ । समय अत्यन्त खराब रहेकाले सतर्क हुनु अति आवश्यक छ । आइतबार र सोमबारको समयमा केही सुधार भएपनि मंगलबार परिवारको सामान्य झगडाले ठूलै रुप लिन सक्नेछ ।

११. कुम्भःतपाईंको यो हप्ता बिहीबार र शुक्रबार मानसिक चिन्ता पर्ने समाचार सुन्नुपर्नेछ । कसैबाट अपमानित पनि हुनुपर्ला जस्तो छ जो कसै कहाँ नजानु नै उचित हुनेछ । सरकारी कर्मचारीबाट काम असफल बनाउने प्रयास हुने छ । आफन्तबाटै विश्वास घातको सम्भावना छ । आउँदो शनिबार पछिको समय भने राम्रो रहनेछ । तर पश्चिम र पूर्व दिशाको यात्रा शुभ छैन ।

१२. मीनःतपाईंलाई यो हप्ता सोच्दै नसोचेको धन प्राप्ति हुन सक्नेछ । जमीन सम्बन्धी अथवा कलकारखाना सम्बन्धी काम गर्नु छ भने यो हप्ता लाभ हुनेछ । तपाईं सरकारी कर्मचारी हुनुहुन्छ भने यो हप्ता पैसा खूब कमाउनुहुनेछ । जताबाट पनि तपाईंलाई खुशी लाग्दा समाचार यो हप्ता प्राप्त हुनेछन्, तर मंगलबार उत्तर दिशाको यात्रा झुक्किएर पनि नगर्नुहोला ।

## साप्ताहिक साहित

माघ १८, २०६९ बिहीबार – पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ १९, २०६९ शुक्रबार – दक्षिण र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ २०, २०६९ शनिबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ २१, २०६९ आइतबार – दक्षिण दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ २२, २०६९ सोमबार – दक्षिण र पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ २३, २०६९ मंगलबार – पश्चिम दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
माघ २४, २०६९ बुधबार – पश्चिम दिशाकोमात्र यात्रामात्र गर्नु शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile : 00977-9856020914, ९८५६०३०९१४
व्यवस्थापक–ज्यो.सुश्री सीता रेग्मी, पर्वत संवाददाता : सुनिता रेग्मी, भारत मध्यप्रदेश संवाददाता : ज्यो. सन्तोष रेग्मी, भारत उत्तर प्रदेश संवाददाता : प्रदीप/मधु रेग्मी, कानूनी सल्लाहकार–अधिवक्ता श्री प्रेमबहादुर खड्का/पूर्व अध्यक्ष नेपाल बार एशोसियशन,काठमाडौं/ आजीवन संरक्षक–ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङ : हरि पन्त, कार्यालय : पो.ब.नं.२०७,पोखरा–२,कास्की, नेपाल ।
E-mail: haripanta@gmail.com, website: www.jbweekly.com, मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८, ९८४६०९४०२०, web hosting : pokharacity.com